सुनवल नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ४ | संख्या : १ | मिति: २०७७/३/१५


भाग–१

सुनवल नगरपालिका

## सुनवल नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक,२०७७

**प्रस्तावना :**

सुनवल नगरपालिकाको आर्थिक बर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उप-धारा (२) ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम सुनवल नगरपालिकाको सातौं नगर सभाको बैठकले यो अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनगर्ने सम्बन्धी ऐन बनाई लागू गरेको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस विधेयकको नाम सुनवल नगरपालिकाको आर्थिक विधेयक, २०७७ रहेको छ ।

(२) यो ऐन २०७७ श्रावण १गतेदेखी सुनवल नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२) सम्पति कर :**

सुनवल नगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाईने र असूलउपर गरिनेछ ।

**३) मालपोत तथा भूमिकर र धुरीकर :**

एकिकृत सम्पत्तिकर लागू भएको आ.व. २०७४।७५ भन्दा पूर्व बुझाउन बाँकी मालपोत तथा भूमिकर र घर धुरीकरका हकमा अनुसूची (२) बमोजिम मालपोत तथा भूमिकर र धुरीकर असुल गरिनेछ ।

४) **घर जग्गा बहाल कर :**

सुनवल नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आशिंक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम धर जग्गा बहाल कर लगाईने र असूल गरिनेछ ।

५) **व्यवसाय कर :**

सुनवल नगरपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उधोग,व्यापार,व्यवसाय,सेवा र यस्तै प्रकारका जुनसुकै कारोवार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति,आर्थिक कारोवार,स्थान बिशेष र लगानीका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ । त्यसरी व्यवसाय कर असुली गर्दा बैंक तथा बित्तीय संस्था र सुपर मार्केटहरुको हकमा प्रत्येक कारोवार स्थलमा कारोवारको आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिनेछ ।

६) **विज्ञापन कर :**

सुनवल नगरपालिका क्षेत्रभित्र हुने सवै प्रकारको विज्ञापनमा अनुसूची (५) बमोजिम विज्ञापन कर लगाइने र असूलउपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७) **बहाल बिटौरी शुल्क :**

सुनवल नगरपालिका क्षेत्रभित्र नगरपालिका आफुले निर्माण, रेखदेख वा संचालन गरेकावा सार्वजनिक ऐलानी पर्ति जग्गा वा भवनमा हाटबजार वा पसलवा सडक वा बाटो किनार वा बिशेष मेला पर्वमा अनुसूची (६) मा भएको व्यवस्था बमोजिम बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

८) **फोहरमैला व्यवस्थापन शुल्क :**

सुनवल नगरपालिकाले अनुसूची (७) मा भएको व्यवस्था बमोजिम फोहरमैला व्यवस्थापन शुल्क लगाई असुल उपर गरिनेछ ।

९) **सेवाशुल्क, दस्तुर :**

सुनवल नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसारको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०) **दण्ड जरिवाना :**

(क) नदीजन्य पदार्थ चोरी निकासी गर्ने सवारी साधन धनिलाई अनुसूची (९) बमोजिम जरीवाना गरिनेछ । उक्त जरीवानाको १५ प्रतिशतले हुनआउने

रकम पक्राउ गरी बुझाउनेलाई प्रोत्साहन स्वरुप उपलब्ध गराईने छ । साथै सुनवल नगरपालिका क्षेत्रभित्र निधेष गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्कीङ्ग वा व्यापार वा फोहरमैला गर्ने तथा प्रचलित कानून बिपरीतका कार्य गर्नेलाई कार्यपालिकाले तोके बमोजिम दण्ड जरीवाना गरिनेछ ।

(ख) सुनवल नगरपालिकामा ईजाजत बेगर निर्माण गरिएका पुराना संरचनाहरुको नक्सापास ईजाजत अद्यावधीक २०७७ फागुन मसान्तभित्रमा गरेमा हालको नगरपालिकाको व्यवस्था बमोजिम गर्ने र उक्त म्याद भित्र अद्यावधीक नगर्ने र उक्त म्यादगुजारेर अद्यावधीक गर्न आएमा लाग्ने दस्तुरमा थप २५ प्रतिशत जरीवाना सहित अद्यावधिक गरिने छ ।

**११) कर छुट :**

यस ऐन बमोजिम कर छुट सम्बन्धी भएको व्यवस्था बाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर सम्पूर्ण आय ठेक्काको सम्पूर्ण रकम ठेकेदारले सम्झौताका बखत एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिन सकिनेछ ।

(क) कुनैक्षेत्र तोकि नेपाल सरकारले संकटकाल घोषणा गरेको खण्डमा संकटकाल घोषणा गरेको क्षेत्र संग सम्बन्धित उधोग, ब्यवसायमा नेपाल सरकारले तोकेमा सोहि बमोजिम वा नगर कार्यपालिकाको निर्णय बमोजीम कर छुट दिन सकिनेछ ।

(ख) सुनवल नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका पशुपंक्षी तथा कृषी संग सम्बन्धित उधोग, पसल, ब्यवसायलाई आ.ब. २०७७/०७८ को लागी सम्पुर्ण कर छुट दिइनेछ ।

(ग) दैबिप्रकोप, महामारी जस्तै प्राकृतिक बिपत्ती परेको भनी राष्ट्रिय रुपमा घोषणा गरेमा वा सुनवल नगरपालिकाले आफ्नो क्षेत्र भित्र प्राकृतिक बिपत्ती घोषणा गरेको खण्डमा बिपत्तीबाट प्रभाव परेको ब्यवसायिक क्षेत्रमा बिपत्ती अवधिसम्मको लागी पुर्णरुपमा कर छुट दिन सकिनेछ ।

(घ) नदिजन्य पदार्थको ठेक्का बन्दोबस्तीको सिलसिलामा दैबिप्रकोप ,महामारी परेमा वा नगरपालिकाले नै रोक लगाइएको अवस्थामा परिमाण यकिन गरी छुट दिन सकिने छ तथा हाटबजार ब्यवस्थापन मा नगरपालिकाले कुनै प्रकारले रोक लगाएमा रोक लगाएको अवधिसम्मको क्षतीयकिन गरी छुट दिइनेछ सो बाहेक अन्य कुनैप्रकारको छुट दिइनेछैन ।

(ङ) कुनैपनि घरधनीले घरभाडामा लिने व्यक्तिलाई घर बहाल छुट दिएको प्रमाणित भएमा घरधनिले छुट दिएको घरभाडामा घरधनिलाई घर बहाल

कर छुट दिन सकिनेछ ।

(च) विश्वव्यापी महामारीका कारण बन्दाबन्दी घोषणा भै सकेपछि यस नगरपालिकामा बुझाउनु पर्ने कर समयमै नबुझाएमा दण्ड जरीवाना लिने व्यवस्था भएकोम ानक्सा पासमा व्यवस्था भएको दण्ड जरीवाना बाहेकका करमा लगाईने दण्ड जरीवान ाआर्थिक वर्ष २०७७/७८ का लागि छुट दिन सकिनेछ ।

(छ) कर छुट सम्बन्धी स्थानीय राजश्व परामर्श समितिको सिफारीसमा नगर कार्यपालिकाले निर्णय गरी सोको लगत्तै बस्ने नगर सभाको बैठकले अनुमोदन गर्नु पर्नेछ ।

**१२) कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :**

यस विधेयकमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस विधयेक संग नबाझिने गरी नगर कार्यपालिकाले तोके अनुसार हुनेछ ।

**१३) यसै ऐन बमोजिम भएको मानिने :**

यो विधयेक जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै विधेयक बमोजिम भए गरेको मानिनेछ ।

**१४) नियम वा कार्यविधि बनाउन सक्ने :**

सुनवल नगरपालिकानगर कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

**१५) छुट भएका कर, दस्तुर,शुल्क र दण्ड जरीवानाः**

यस ऐनमा छुट भएका कर, दस्तुर,शुल्क र दण्ड जरीवानाका सन्दर्भमा स्थानीय राजश्व परामर्श समितिको सिफारीसमा नगर कार्यपालिकाको निर्णय बमोजिम गरिनेछ ।

**१६) ऋण/सापटीलिन र दिन सक्नेः**

नगरपालिकाको दिर्घकालिन विकासमा टेवा पुऱ्याउने, आयश्रोत वृद्धि गर्ने र नगरको समग्र विकासमा मार्ग प्रसस्त गर्ने आयोजना तथा कार्यक्रमका लागि नगर कार्यपालिकाको बैठकको निर्णय बमोजिम नगरपालिकाले ऋण/सापटी लिन र दिन सक्नेछ ।

**१७) साविक बमोजिम हुने :**

यस ऐनमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा

साविक बमोजिम नै हुनेछ ।

**१८) कानून बमोजिम हुने :**

यस ऐनमा भएको व्यवस्था बाहेक नगरपालिकाद्धारा स्वीकृत कानुन बमोजिम लाग्ने कर, दस्तुर, शुल्क, दण्ड जरीवाना लगायतका विषयहरुमा सम्बन्धित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

**१९) खारेजी :**

साविकमा सुनवल नगरपालिकाले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसंग प्रतिकुल देखिएमा प्रतिकुल भएका हदसम्म खारेज हुनेछ ।

**प्रमाणिकरण मिति : २०७७/३/१५**

**आज्ञाले**

.........................................

**प्रमुख प्रशासकीय अधिकृत**